# एकीकृत सेवा केन्द्रको स्थापना र संचालन सम्बन्धमा गरिएको व्यवस्था सम्बन्धी नेपाल सरकारको विज्ञप्ती

महोत्तरी जिल्लाको जलेश्वरमा हाल भैरहेको घटना प्रति नेपाल सरकारको गम्भिर ध्यानाकर्षण भएको छ ।

आधारभूत सेवामा सार्वजनिक पहुँच नपुगेका दुर्गम अति विकट पहाडी तथा ग्रमीण क्षेत्रमा बसोवास गर्ने तथा तराइका दुर्गम गा.बि.स. का जनतालाई विभिन्न सार्वजनिक सेवा एकै थलोबाट एकीकृत रूपमा सरल ढंगले, कम लागत र समयमा गुणस्तरीय तवरले उपलब्ध गराइ जनउत्तरदायी लोकतान्त्रिक शासन व्यवस्थाको जग बलियो बनाउन मुलुकका सबै प्रशासकीय जिल्लामा निर्धारित इलाकाहरूमा एकीकृत सेवा केन्द्र स्थापना गर्दै जाने र तिनको क्षमता सुदृढ गर्दै जाने उद्देश्यले नेपाल सरकारद्वारा सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि निर्देशिका २०६५ जारी गरि देश भर ५२ स्थानमा सेवा केन्द्र स्थापना गर्ने निर्णय भएको छ। यसै सन्दर्भमा महोत्तरीको वर्दिवाससमा पनि त्यस्तो एक सेवा केन्द्र राख्ने नेपाल सरकारले निर्णय गरेको हो। यसबाट वर्दिवास र सो वरिपरी बसोवास गर्ने जनता लाभान्वित हुने अपेक्षा नेपाल सरकारले राखेको छ। सरकारको हाल जिल्ला सदरमुकाम सार्ने कुनै नीति तथा कार्यक्रम नभएको र यस प्रकारको कुनै निर्णय समेत नभएकोले यसमा कोहीपनि भ्रममा नपर्न यसै विज्ञप्तीद्वारा अवगत गराउँछु।

साथै जलेश्वर सदरमुकाममा हाल भएका कुनै पनि कार्यालय अन्यत्र स्थानान्तरण नहुने व्यहोरा जानकारी गराउँदै सदरमुकामबाट टाढा बसोबास गर्ने नेपाली दाजुभाई दिदी बहिनीलाई तोकिएका सार्वजनिक सेवाको सरल पहुँचको लागि गर्न लागिएको नयाँ व्यवस्थामा सबै नेपाली दाजुभाइ दिदी बहिनीको सहयोग प्राप्त हुने अपेक्षाका साथ सदरमुकाम सार्ने भन्ने भ्रामक हल्लामा नपर्न समेत नेपाल सरकार हार्दिक अपिल गर्दछ।

कृष्णबहादुर महरा

२०६५।१०।१२

मन्त्री सूचना तथा सञ्चार

एवं प्रवक्ता नेपाल सरकार